राजधानी दैनिकमा प्रकाशित
मिति: २०७५ साल साउन ९ गते, बुधबार
(Wednesday 25 July 2018)

नेपाल सरकार
मन्थली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप, प्रदेश नं.३

## सिलबन्दी बोलकबोल सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७५।४।९**

मन्थली नगरपालिकाको निर्णय अनुसार यस कार्यालयबाट आ.व. २०७५/०७६ का लागि आन्तरिक श्रोत अन्तर्गत तपसिल बमोजिमको कर, शुल्क, दस्तुर संकलन कार्य ठेक्का बन्दोवस्तद्वारा गराउनु पर्ने भएको हुँदा इच्छुक फर्म वा कम्पनीहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालय समयमा तपसिलका शर्त बन्देजका अधिनमा रही सिलबन्दी बोलकबोल आवेदन फाराम नगर कार्यपालिकाको कार्यालय, मन्थली, रामेछापबाट खरिद गर्न र १६औं दिन दिनको १२:०० बजेभित्र सिलबन्दी बोलकबोल अङ्क पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | ठेक्का नं. | ठेक्का विवरण | न्यूनतम अंक (कर बाहेक) | बोलकबोल मूल्य | कैफियत |
|---|---|---|---|---|---|
| १. | १/राजश्व/ २०७५-७६ | मन्थली नगरक्षेत्रभित्र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ उपदफा (२) को देहाय घ.२. को प्रावधान अनुसार देहाय बमोजिमको शुल्क संकलन<br>(क) स्थानीय पूर्वाधार (सडक) सेवा शुल्क<br>(ख) तोकिएको क्षेत्रमा पार्किङ्ग शुल्क<br>(ग) बसपार्कको काउन्टर संचालन शुल्क | २०,००,०००।- | ३००।- | |
| २. | २/राजश्व/ २०७५-७६ | मन्थली नगरक्षेत्रभित्र लाग्ने हाटकर असुली | २०,०००।- | ३००।- | |
| ३. | ३/राजश्व/ २०७५-७६ | मन्थली नगरक्षेत्रभित्र उत्सर्जित फोहरमैला व्यवस्थापन गर्ने दायित्व सहित फोहर व्यवस्थापन शुल्क संकलन | ३,००,०००।- | ३००।- | |
| ४. | ४/राजश्व/ २०७५-७६ | मन्थली बजारमा रहेका सार्वजनिक शौचालयको नियमित सरसफाइ गर्ने दायित्व सहित सार्वजनिक शौचालय प्रयोग शुल्क संकलन | १००।- | ३००।- | |

**नोट** : बोलकबो सम्बन्धी अन्य शर्तहरुको लागि मन्थली नगरपालिकाको आधिकारिक वेव साइट www.manthalimun.gov.np, म.न.पा.को कार्यालय, जिल्ला समन्वय समितिको कार्यालय, जिल्ला प्रशासन कार्यालय, म.न.पा. १ नं. वडा कार्यालयको सूचना पाटीमा हेर्नुहुन अनुरोध गरिन्छ ।

**मन्थली नगरपालिका**